बैठक नं.११

आज मिति २०७९/१०/१० गतेका दिन यस बुटवल उपमहानगरपालिकाका प्रमुख श्री खेलराज पाण्डेयज्यूको अध्यक्षता र देहायका नगरकार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : दिनको ३:०० बजे ।

स्थान : बुटवल उपमहानगरपालिका, नगरकार्यपालिका हल ।

## उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खेलराज पाण्डेय | प्रमुख | |
| २ | सावित्रादेवी अर्याल | उपप्रमुख | |
| ३ | नरेन्द्र बस्नेत | सदस्य | |
| ४ | सुनिल शाक्य | सदस्य | |
| ५ | विष्णु ढकाल | सदस्य | |
| ६ | नरिश्वर शर्मा | सदस्य | |
| ७ | हरि प्रसाद श्रेष्ठ | सदस्य | |
| ८ | लोकनाथ न्यौपाने | सदस्य | |
| ९ | पद्मराज गाहा | सदस्य | |
| १० | यज्ञ प्रसाद पंगेनी | सदस्य | |
| ११ | प्रदिपकुमार श्रेष्ठ | सदस्य | |
| १२ | बल बहादुर पुन मगर | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १४ | डिल्ली प्रसाद शर्मा उपाध्याय | सदस्य | |
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | शिव राना | सदस्य | |
| १८ | कृष्ण प्रसाद पौडेल | सदस्य | |
| १९ | ज्ञान बहादुर रेश्मी | सदस्य | |
| २० | गुरु प्रसाद पंगेनी | सदस्य | |
| २१ | चन्द्रसिंह थापा मगर | सदस्य | |
| २२ | निलम गौतम | सदस्य | |
| २३ | कृष्ण बहादुर सुनार | सदस्य | |
| २४ | बसन्ती वि.क. | सदस्य | |
| २५ | रिना भुसाल | सदस्य | |
| २६ | सुनिता खड्लुक | सदस्य | |
| २७ | राधादेवी पौडेल | सदस्य | राधा |
| २८ | यम बहादुर सुनार | सदस्य | |
| २९ | हेमा थामी | सदस्य | |
| ३० | टेकराज पन्थी | प्रमुख प्रशासकीय अधिकृत | |

प्रस्ताव नं.११.१
**अघिल्लो बैठकको समीक्षा सम्बन्धमा ।**
निर्णय नं.११.१

- बुटवल उपमहानगरपालिकाको संगठन संरचना र नगरकार्यपालिकाको कार्यालय र अन्तर्गतका वडा कार्यालयंहरुका लागि संगठन संरचना बमोजिमको कर्मचारी दरवंन्दीको सर्वेक्षण एवं विश्लेषण गर्नका लागि सहजिकरण गर्ने गरी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट खटिई आउनु भएका विज्ञहरुसँग बसी संगठन संरचना र दरवन्दी सम्बन्धमा छलफल एवं परामर्श गरिएको ।

**प्रस्ताव नं.११.२**
**पशुवधशाला विधेयक, २०७९ सम्बन्धमा ।**
निर्णय नं.११.२
बुटवल उपमहानगरपालिका वडा नं.१० स्थित रामनगरमा आधुनिक पशुवधशालाको निर्माण कार्य करिव सम्पन्न हुने अवस्थामा रहेको छ । उक्त पशुवधशालाको संचालन एवं व्यवस्थापनका लागि ऐन बनाउनुपर्ने भएकोले सम्बन्धित विषय विज्ञहरु, विधेयक समिति र विधायन समितिको बैठकहरुमा समेत दफावार छलफल भई आजको बैठकमा प्रस्तुत हुन आएको पशुवधशाला संचालन तथा व्यवस्थापन सम्बन्धी विधेयक माथि छलफल गरियो । उक्त विधेयक मिति २०७९।१०।११ गते विहान ११:०० बजे बस्ने नगरसभाको बाह्रौ अधिवेशनको दोस्रो बैठकमा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.११.३**
**कार्यदलबाट प्रस्तुत पशुवधशालाको प्रतिवेदन सम्बन्धमा ।**
निर्णय नं.११.३
सार्वजनिक निजी साझेदारी अवधारणा अन्तर्गत पशुवधशाला संचालन व्यवस्थापन गर्ने गरी विगतमा भएको टेण्डर प्रकियाको सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्न लगाइएकोमा अधिकृत नवौ विष्णु प्रसाद खनाल समेतका चार जनाबाट मिति २०७९।८।१६ मा द.नं.५९२५ को र घनश्याम पन्त अधिवक्ताबाट मिति २०७९।१०।१० मा द.नं. ९०८८ को छुट्टै प्रतिवेदन प्राप्त हुन आएको हुँदा उक्त दुवै प्रतिवेदनहरु आजको बैठकमा प्रस्तुत भई जानकारी भयो । उक्त विषयमा आवश्यक निर्णय लिनुपर्ने भएकोले नगरसभामा पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.११.४
**योजनाको म्याद थप सम्बन्धमा ।**
निर्णय नं.११.४
यस बुटवल उपमहानगरपालिकाबाट विभिन्न मितिहरुमा विभिन्न निर्माण व्यवसायीहरुसँग योजना संचालन एवं कार्यान्वयन गर्ने गरी सम्झौता भएकोमा उक्त निर्माण व्यवसायीहरुले विभिन्न कारण खुलाई म्याद थपका लागि अनुरोध गरेको हुँदा प्राविधिक प्रतिवेदन समेतका आधारमा देहायका निर्माण व्यवसायीहरुको देहाय बमोजिम म्याद थप गर्ने निर्णय गरियो ।

| सि.नं. | ठेक्का नं. | योजनाको नाम | निर्माण व्यवसायी फर्म | ठेक्का रकम | म्याद समाप्त हुने मिति | म्याद थप अवधि | म्याद थप गर्नुको कारण |
|---|---|---|---|---|---|---|---|
| १ | २७/०७८/०७९ | रंगशाला मार्ग नाली तथा फुटपाथ सहित सडक पिच निर्माण | प्रदिप कन्स्ट्रक्सन | २३२४८१८६/१९ | २०७९।९।१५ | २०७९।१२।२९ | साइड क्लियर नुहुनु, विद्युत पोल सार्न ढिलाई भएको, स्थानीय निर्वाचन, वर्षा र चाडपर्व |
| २. | २८/०७८/०७९ | वडा नं.११ देवसिद्ध चोक देखि सिमाना सडकसम्म नाली फुटपाथ सहित सडक निर्माण देवीपथ निर्माण (बाँकी खण्ड) | प्रदिप कन्स्ट्रक्सन | १४८८९४७५/३७ | २०७९।९।१५ | २०७९।१२।१५ | साइड क्लियर नुहुनु, विद्युत पोल सार्न ढिलाई भएको, स्थानीय निर्वाचन, वर्षा |
| ३. | ४७/०७७/०७८ | ज्योतिपथमा नाली फुटपाथ सहित सडक पिच निर्माण | रायमाझी एशियाटिक जे.भि. बुटवल-३ | ३४६२६८३८/९६ | २०७९।९।१५ | २०७९।११।१५ | विद्युत पोल सार्नुपर्ने र साइड क्लियर नभएको कारण, चिसो मौसमका कारण पिच गर्न नमिल्ने भएकाले |

**प्रस्ताव नं.११.५**

**O and M प्रतिवेदन सम्बन्धमा ।**

**निर्णय नं.११.५**

बुटवल उपमहानगरपालिकाको समग्र कार्यसम्पादनलाई प्रभावकारी बनाउनका लागि बुटवल उपमहानगरपालिकाको संगठन संरचना र नगरकार्यपालिकाको कार्यालय र अन्तर्गतका वडा कार्यालयहरुका लागि संगठन संरचना बमोजिमको कर्मचारी दरवन्दीको सर्भेक्षण एवं विश्लेषण गर्न सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट सहजिकरण गर्ने गरी खटिई आउनु भएका विज्ञहरुले कार्यालयका महाशाखा प्रमुख, शाखा प्रमुखहरु र मिति २०७९।१०।८ गतेका दिन नगरकार्यपालिकाको बैठकमै सदस्यहरुसँग गरेको परामर्श समेतका आधारमा पेश हुन आएको O and M सर्भेक्षणको प्रारम्भिक प्रतिवेदन आजको वैठकमा प्रस्तुत भई छलफल गरियो । उक्त प्रतिवेदन सन्दर्भमा आजको बैठकमा उठेका विषयहरुलाई समेत समावेश गरी उक्त O and M प्रतिवेदन मिति २०७९।१०।११ गते बस्ने नगरसभाको बाह्रौं अधिवेशमा पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.११.६
जग्गाको छुट लगत संकलन सम्बन्धमा ।
निर्णय नं.११.६
बुटवल उपमहानगरपालिका क्षेत्र अर्न्तगत भूमिहिन दलित, भुमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोवासीहरु रहेको क्षेत्रमा राष्ट्रिय भूमि आयोगबाट बिगतमा पनि लगत संकलनका लागि प्रकाशित सूचना बमोजिम प्रति फारमको रु ३०।- उपलब्ध गराउने गरी वडास्तरबाट जनशक्ति व्यवस्थापन गरी वडाको निर्णय र सिफारिसको आधारमा लगत संकलनको भुक्तानी समेत दिइएकोमा हाल राष्ट्रिय भूमि आयोगबाट छुट लगत संकलनको लागि मिति २०७९ /०९/ २२ मा पुन: ३५ दिने सूचना प्रकाशित गरेकोले लगत संकलन गर्न छुट भएका वडाहरुमा पहिला लगत संकलन गरेका जनशक्ति मध्येबाट लगत फारम भरी वडाको निर्णय सिफारिसका आधारमा प्रति फारम भरेको रु.३०।-उपलब्ध गराउने गरी वडा तहबाटै लगत संकलनको व्यवस्थापन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.११.७ विविध ।**
**प्रस्ताव नं.११.७.१**
**जलस्रोत नीति सम्बन्धमा ।**
**निर्णय नं.११.७.१**
मिति २०७९।४।८ मा बसेको नगरकार्यपालिकाको बैठकबाट बुटवल उपमहानगरपालिका क्षेत्र भित्रका लागि जलस्रोतको नीति तर्जुमा गरी कार्यान्वयनमा जान आवश्यक देखिए बमोजिम कार्यदल गठन गरिएको र उक्त कार्यदलबाट बुटवल उपमहानगरपालिकाको जलस्रोत नीति, २०७९ तयार गरी आजको बैठकमा पेश हुन आएको हुँदा सो माथि छलफल गरियो । पेश भए बमोजिमको नीति आवश्यक भएको हुँदा मिति २०७९।१०।११ गते बस्ने नगरसभाको बाह्रौं अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.११.७.२**
**निर्णय संशोधन सम्बन्धमा ।**
**निर्णय नं.११.७.२**
मिति २०७९।९।२० मा बसेको नगरकार्यपालिकाको बैठकको निर्णय नं.९.५.२ को सि.नं.३ मा अंकितमान श्रेष्ठ हुनुपर्नेमा अन्यथा भएको हुँदा संशोधन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.११.७.३**
**सहयोग सम्बन्धमा ।**
**निर्णय नं.११.७.३**
बुटवल उपमहानगरपालिका वडा नं.२, ६ र १२ का देहाय बमोजिमका व्यक्तिको घरमा आगलागी भएको बुझिन आएको र आर्थिक सहयोगको लागि माग भै आएको हुँदा सम्बन्धित वडाको सिफारिस, प्रहरी मुचुल्का र मिति २०७९।०९।१७ गते बसेको CCMC बैठकको सिफारिस समेतका आधारमा देहाय बमोजिम हुने गरी देहाय बमोजिम राहत रकम उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.सं. | वडा नं. | नाम थर | विवरण | राहत रकम उपलब्ध गराउने |
|---|---|---|---|---|
| १. | २ | गीता बुढाप्रिथी | मिति २०७९।०७।२१ गते घरमा आगलागीबाट क्षति भएको | रु.५०,०००।- (पचास हजार रुपैयाँ) |
| २. | ६ | विष्णु मुखिया | मिति २०७९।०९।०४ गते घरमा आगलागीबाट क्षति भएको | रु.१००,०००।- (एक लाख रुपैयाँ) |
| ३. | १२ | तोयानाथ पाण्डे | मिति २०७८।०७।२२ गते घरमा आगलागीबाट क्षति भएको | रु.१००,०००।- (एक लाख रुपैयाँ) |
| ४. | १२ | गोपाल पाण्डे | मिति २०७८।०७।२२ गते घरमा आगलागीबाट क्षति भएको | रु.१००,०००।- (एक लाख रुपैयाँ) |
| ५. | १२ | मिना मरासिनी | मिति २०७८।०७।२२ गते घरमा आगलागीबाट क्षति भएको | रु.१,५०,०००।- (एक लाख पचास हजार रुपैयाँ) |

**प्रस्ताव नं.११.७.४**
**सहयोग सम्बन्धमा ।**
**निर्णय नं.११.७.४.**

कुष्ठरोगबाट प्रभावित व्यक्ति कल्याण समिति बुटवल-जितगढी-१५ को प.सं.२६ च.नं. २० मिति २०७९।६।१३ को सहयोग सम्बन्धी पत्र आजको बैठकमा प्रस्तुत भई छलफल भयो । उक्त कल्याण समितिमा रहेका १० दश जनालाई खाना, खाजा व्यवस्थापन प्रयोजनका लागि उक्त संस्थालाई रु.५०,०००।-(पचास हजार मात्र) सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं.११.७.५**
**पारिश्रमिक सम्बन्धमा ।**
**निर्णय नं.११.७.५**

बुटवल उपमहानगरपालिकामा रहेको मेलमिलाप केन्द्रमा विगत देखि कार्यरत मेलमिलाप संयोजकलाई २०७९ श्रावण १ गते देखि २०८० असार मसान्तसम्मका लागि रु.२५०००।- (पच्चीस हजार मात्र) मासिक पारिश्रमिक उपलब्ध गराउने र सो विषय अनुमोदनका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.११.७.६**
**सम्झौताको अवधि थप सम्बन्धमा ।**
**निर्णय नं.११.७.६**

चालु आ.व.०७९/०८० का लागि नगरसभाबाट स्वीकृत योजना तथा कार्यक्रमहरुको सम्झौता गर्ने अन्तिम अवधि २०७९ पौष मसान्त सम्मका लागि तोकिएको भए तापनि विविध कारणहरुले गर्दा उक्त सम्झौता अवधिलाई केही बढाउन आवश्यक देखिएको हुँदा योजनाहरुको सम्झौता गर्ने अवधि २०७९ माघ मसान्तसम्मका लागि थप गरी सोही अनुरुप कार्यान्वयन गर्ने गराउने व्यवस्था मिलाउने निर्णय गरियो ।

प्रस्ताव नं.११.७.७
अनुगमन प्रतिवेदन सम्बन्धमा ।
निर्णय नं.११.७.७
यस बुटवल उपमहानगरपालिका क्षेत्रभित्र संचालनमा रहेका व्यवसायहरुमा देहायका व्यवसायहरुमा देहाय बमोजिमको तालिका बमोजिम बजार अनुगमन भएको व्यहोराको प्रतिवेदन उपप्रमुख एवं बजार अनुगमन समितिका संयोजक श्री सावित्रादेवी अर्यालयबाट आजको वैठकमा प्रस्तुत भई जानकारी भयो ।

| | |
|---|---|
| ७३ वटा खाद्यान्न पसलमा | -८ पटक |
| ११ वटा मासु पसलमा | -२ पटक |
| १४ वटा मिष्ठान्न पसलमा | -३ पटक |
| १६ वटा होटल तथा मसाज केन्द्रमा | -४ पटक |
| ३ वटा विविध सामग्री पसलमा | -१ पटक |
| ८ वटा वडा कार्यालयहरुमा | -२ पटक |
| १५ वटा सहकारीमा | -४ पटक |
| ६ वटा योजनाको | -४ पटक |
| २ स्थानमा नदीजन्य पदार्थ | -२ पटक |
| १ तालिम कार्यक्रम | -१ पटक |
| ८ खेलकुदतर्फ | -२ पटक |
| विविध कार्यक्रममा | -१ पटक |

अन्त्यमा उपस्थित सवैलाई धन्यवाद दिदै प्रमुखज्यूबाट बैठक समाप्त भएको जानकारी गराउनु भयो ।